नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः- २०७४/०८/०३

## प्रेस विज्ञप्ति

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन नजिकिदै गइरहेको वर्तमान अवस्थामा मुलुकभरी निर्वाचनका गतिविधिहरु उत्साहजनक रुपमा भइरहेका छन् । आम मतदाता र राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु आफ्ना चुनावी अभियानमा क्रियाशील भइरहँदा मुलुकका केही भागमा निर्वाचन कार्यक्रमका दौरान उम्मेदवार तथा नेता कार्यकर्ता लक्षित विष्फोटन गराई डर त्रास पैदा गर्न खोज्ने, निर्दोष नेता-कार्यकर्ता तथा सर्वसाधरण जनतालाई घाइते तुल्याउने जस्ता निर्वाचन विरोधी अपराधिक क्रियाकलापहरु भइरहेको पाइएको छ ।

मुलुक र जनताको भाग्य र भविष्यसँग जोडीएको निर्वाचन जस्तो लोकतान्त्रिक अभ्यास गरीरहेका सार्वभौम जनताको अधिकारलाई कुण्ठित पार्ने गतिविधि सर्वथा निन्दनीय छन् । यस्ता अवाञ्छित एवं गैर कानूनी गतिविधिहरु प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । निर्वाचन विरोधी अवाञ्छित गतिविधि नियन्त्रण गरी निर्वाचन सुरक्षा योजनालाई प्रभावकारी तवरले कार्यान्वयन गर्ने क्रममा पूर्व तयारीको चरणपछि सबै सुरक्षा निकायहरुको समन्वयात्मक परिचालन सहितको सुरक्षा कारबाहीलाई तिब्रता दिइएको छ । यस सन्दर्भमा निर्वाचन सुरक्षा व्यवस्थामा व्यवधान पु-याउने जो कोही पनि कानून बमोजिम कडा सुरक्षा कारबाहीको भागिदार हुने हुँदा मन्त्रालय गम्भीरताका साथ सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छ ।

साथै निर्वाचन सुरक्षा योजनाका सबै पहलुहरुको सुक्ष्म विश्लेषण गर्दै सुरक्षाका रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन मार्फत शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने राष्ट्रिय अभिभारा पूरा गर्न स्थानीय प्रशासनलाई सहयोग पुर्याउनुहुन सम्बद्ध सबै पक्षलाई मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

074/8/3

(नारायण प्रसाद शर्मा दुवाडी)

प्रवक्ता